# नेपालमा शान्ति, न्याय र समावेशिताको अवस्था

## दिगो विकासका लागि नीतिगत सिफारिसहरू

## कार्यकारी सारांश

सन् २००० को दशकपछि नेपालले शान्ति, न्याय र समावेशिता क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल गरेको छ। विशेषतः सन् २००६ को विस्तृत शान्ति सम्झौताबाट निर्देशित शान्ति निर्माणको प्रक्रियाले संविधानसभाको निर्वाचनमार्फत २०१५ मा जारी गरिएको नेपालको नयाँ संविधानले यी क्षेत्रहरूमा हासिल भएका प्रगतिहरूलाई संस्थागत गरेको छ (ज्ञवाली, २०१४)। यस प्रक्रियाले नागरिकका आधारभूत मानव अधिकारको प्रत्याभूति गर्दै सरकारलाई जिम्मेवार बनाउन संवैधानिक निकायहरूको स्थापना र सरकारी सेवाहरूको अनुगमन, मूल्याङ्कन तथा निर्देशनलाई बलियो बनाएको छ। साथै, नीतिगत तथा कार्यगत पहलमार्फत देशमा विद्यमान समस्याहरूको न्यूनीकरण गर्दै नागरिक जीवनलाई सहजीकरण गरेको पाइन्छ।

विस्तृत शान्ति सम्झौताले सशस्त्र  द्वन्द्वको रूपान्तरण गरी मेलमिलापको वातावरण निर्माण गर्न भूमिका खेलेको छ। यद्यपि, सङ्क्रमणकालीन न्यायका लागि स्थापित आयोगहरूको प्रभावकारी कार्यसम्पादन नहुनु, राजनीतिक हस्तक्षेप र स्रोत अभाव जस्ता चुनौतीहरूले शान्ति स्थापनाको प्रक्रियामा अवरोध सिर्जना गरेको पाइन्छ। तसर्थ, अन्तर-समुदायिक संवाद, कला र सांस्कृतिक कार्यक्रमहरूद्वारा विविधताप्रति सम्मान र समुदायबिचको विश्वास पुनः स्थापना गर्न आवश्यक छ।

नेपालले सामाजिक न्यायका मुद्दाहरूलाई नीति र राजनीतिक प्राथमिकतामा ल्याउन उल्लेखनीय प्रगति गरेको छ। संविधानले नागरिकका आधारभूत अधिकारहरूको संरक्षण र प्रवर्द्धन गरेको छ। तर, न्याय प्रणालीमा प्राविधिक दक्षताको अभाव, सीमित स्रोत र राजनीतिक दबाब जस्ता समस्याहरूले न्यायिक प्रक्रियालाई चुनौती दिएको छ। यी चुनौतीको न्यूनीकरणका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि, ग्रामीण क्षेत्रमा न्यायको पहुँच विस्तार, लैङ्गिक संवेदनशीलतालाई सम्बोधन गर्ने तालिमरू जस्ता कार्यको प्रवर्द्धन प्राथमिकतामा पर्नु आवश्यक छ।

यसका अलावा संविधान र नीतिहरूले महिला, दलित, मधेशी, आदिवासी/जनजाति र सीमान्तकृत समुदायहरूलाई मान्यता दिँदै उनीहरूको प्रतिनिधित्व सुनिश्चित गरेको छ। तथापि, यो प्रतिनिधित्व प्रायः मात्रात्मक रूपमा सीमित रहेको र गुणात्मक सहभागिताको कमी भने विद्यमान रहेको छ। सिप विकास, आर्थिक अवसरहरूको विस्तार र शिक्षा तथा रोजगारीका अवसर हरूलाई बढावा दिनुपर्ने आवश्यकता छ।

यी प्रगति उल्लेखनीय भए तापनि नेपालमा छोटो समयमै भैरहेका सत्ता परिवर्तन, सीमित स्रोतसाधन र तिनको उचित व्यवस्थापन एवं सङ्क्रमणकालीन न्यायमा ढिलाइ जस्ता समस्याहरू समाधान गर्न थप प्रयास आवश्यक छ। यो नीतिपत्रले तथ्यमा आधारित सिफारिसहरू प्रस्तुत गर्दै शान्ति, न्याय र समावेशिता क्षेत्रका विद्यमान चुनौतीको दीर्घकालीन समाधानका लागि सुझाव प्रदान गरेको छ। यसमा सङ्क्रमणकालीन संयन्त्रहरूलाई सबल बनाउने, समावेशी सहभागितालाई न्यायसङ्गत रूपमा प्रोत्साहित गर्ने र सीमान्तकृत समुदायहरूको सशक्तीकरणलाई प्राथमिकतामा राख्न प्रस्ताव गरिएको छ। यी उपायहरूको प्रभावकारी कार्यान्वयनले नेपालमा दिगो विकास, सामाजिक समानता र स्थायी शान्ति प्रवर्द्धन गर्न मद्दत गर्नेछ।

## १) पृष्ठभूमि

दिगो विकास र प्रजातान्त्रिक स्थायित्वका लागि शान्ति, न्याय र समावेशिता मुख्य आधारशीला हुन्छन् (रिच्मन्ड, २०२४)। नेपालमा एक दशक (१९९६ - २००६) लामो सशस्त्र द्वन्द्वको रूपान्तरणपश्चात् उल्लेखित लक्ष्य प्राप्त गर्न, नेपालले राजसंस्थाको अन्त्यदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको सङ्क्रमणकालीन यात्रा तय गरेको छ। यसका

साथै नेपालमा शान्ति स्थापना गर्नका लागि राष्ट्रिय तथा स्थानीयस्तरमा सरकारी तथा गैरसरकारी संयन्त्रमार्फत समन्वयात्मक शान्तिनिर्माण प्रक्रियाहरू सञ्चालित छन् (ज्ञवाली, २०१४) । यस्ता कार्यले समाजमा देखिएका विभाजन र असमानताहरूलाई सम्बोधन गर्दै समस्याको दीर्घकालीन समाधानतर्फ केन्द्रित हुन प्रयास गरिरहेको अवस्था छ । यी कार्यहरूले हाम्रो समाजमा सुषुप्त रहेका गुनासा तथा प्रणालीगत असमानता न्यूनीकरणको महत्वलाई सम्बोधन गरेको छ । यद्यपि, संविधानले समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता प्रावधान सुनिश्चित गरेको छ । तर, देशमा राजनीतिक प्रतिनिधित्व र न्यायमा असमानता अझैं व्यापक छ । उदाहरणका लागि उल्लेख्य प्रतिनिधित्वका लागि कानुनी प्रावधान हुँदाहुँदै पनि संसद्मा महिला सहभागिता ३३% हाराहारीमा सीमित छ । तसर्थ, यस नीतिपत्रले तथ्यमा आधारित भएर नीतिगत उपायहरूको माध्यमबाट यी चुनौतीहरू समाधान गर्न मार्गचित्र प्रस्तुत गर्दछ ।

नेपालमा सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको कार्यसम्पादनमा भइरहेको ढिलाइ, आवश्यक स्रोतसाधनको अभाव र पीडित समूहहरूको सीमित विश्वासका कारण व्यापक आलोचनाको सामना गरिरहका छन् । त्यस्तै, जलवायु परिवर्तनबाट हुने प्रकोपहरूले सीमान्तकृत समुदायहरूलाई थप असर पुऱ्याएको छ, जसलाई सम्बोधन नगरी न्यायपूर्ण समाज प्राप्त गर्न सकिँदैन । आर्थिक असमानताले सामाजिक अन्तर-द्वन्द्वलाई बढाउँदै समावेशी विकासमा बाधा उत्पन्न गरेका छन् । जसमा स्थानीयस्तरका न्यायिक समितिहरूले विवाद समाधान र न्याय प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेका भए पनि तिनीहरू विभिन्न चुनौतीहरूसँग जुधिरहेका छन् । साथै, जाति, लिङ्ग र धर्मजस्ता विषयहरूले धेरै समूहलाई अझै पनि सीमान्तकृत बनाइरहेका छन् । यस परिप्रेक्ष्यमा, दिगो शान्तिका लागि स्थानीय स्वामित्व र समुदायको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ । यसमा लागि तपसिल विषयमा भए, गरेका प्रगतिहरूको सन्दर्भ वाञ्छनीय छ ।

## १.१. शान्ति

बृहत् शान्ति सम्झौतामा हस्ताक्षर हुनु नेपालको इतिहासमा एक महत्वपूर्ण कोसेढुंगाको रूपमा रहेको छ । यसले सशस्त्र द्वन्द्वको अन्त्य गर्दै र अपेक्षाकृत शान्तिपूर्ण वातावरणमा प्रवेश गऱ्यो । यसले र ाजनीतिक स्थिरता र मेलमिलापको जग स्थापित गर्न, राष्ट्रलाई विकास र सुधारमा ध्यान केन्द्रित गर्न सक्षम बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । नेपाल २०२४ को ग्लोबल पिस इन्डेक्समा ८०औं[१] र पोजिटिभ पिस इन्डेक्समा ११३औं[२] स्थानमा रहेको छ, जसले केही प्रगतिको सङ्केत गरे पनि राजनीतिक अस्थिरता र कमजोर शासन संरचनाहरू प्रमुख चुनौतीका रूपमा देखापरेका छन् । त्यसैगरी, ट्रान्सपरेन्सी इन्टरनेसनल (२०२३) को प्रतिवेदनअनुसार नेपालले देशमा व्याप्त भ्रष्टाचारको अवस्थामा ३३/१०० अङ्क प्राप्त गरेको छ ।

## १.२. न्याय

बहुस्तरमा न्यायलाई अगाडि बढाउन महत्वपूर्ण प्रगतिहरू भएका छन् । स्थानीय न्याय संयन्त्रहरूलाई सुदृढ पार्ने प्रयासले समुदायलाई पहुँचयोग्य र समय सापेक्ष समाधानहरू प्रदान गरेका छन् । सामाजिक न्यायको मूल प्रवाहीकरण[३] भएको अवस्था छ । वर्षौंदेखि सामाजिक न्यायका मुद्दाहरूलाई राष्ट्रिय नीति ढाँचा र राजनीतिक बहसमा एकीकृत गरिएको छ, जसले गर्दा मुद्दाहरूको प्राथमिकता सुनिश्चित गरिएको छ । थप सीमान्तकृत र जोखिममा परेका समूहका लागि सामाजिक कल्याणकारी योजनाहरू र भत्ताहरूको प्रावधानमार्फत सामाजिक न्यायप्रति राज्यको समर्पणलाई पुनः पुष्टि गरिएको छ । त्यति मात्र नभएर नेपालको संविधानमा मौलिक अधिकारको समावेशीकरण र प्रवर्द्धनले सबै नागरिकहरूको लागि न्याय र समानता कायम राख्ने राष्ट्रको प्रतिबद्धतालाई जोड दिएको पाइन्छ ।

१ विश्वव्यापी शान्ति सूचकांक (Global Peace Index) १ देखि ५ को स्केलमा शान्ति मापन गर्दछ । यो सूचकांकले २३ सूचकका आधारमा देशहरूको आन्तरिक र बाह्य शान्ति मापन गर्छ । यी २३ सूचकहरूमा घरेलू र अन्तर्राष्ट्रिय द्वन्द्व, सामाजिक सूरक्षा र संरक्षण तथा सैन्यीकरणसम्बन्धी कारकहरू समावेश छन् ।

२ सकारात्मक शान्ति सूचकांक (Positive Peace Index) १ देखि ५ को स्केलमा सकारात्मक शान्ति मापन गर्दछ । यो २४ सूचकमा आधारित छ, जसलाई मनोवृत्ति, संस्था र संरचनामा वर्गीकृत गरिएको छ । यी सूचकहरूमा भ्रष्टाचारको न्यून स्तर, बलियो व्यावसायिक वातावरण, प्रभावकारी सरकार, अधिकारको सम्मान, स्रोतहरूको समान वितरण, सूचनाको स्वतन्त्र प्रवाह, छिमेकीहरूसँग सूमधूर सम्बन्ध र मानव पूँजीको उच्चस्तर जस्ता कारकहरू समावेश छन् । यी २४ सूचकहरू सकारात्मक शान्ति (Positive Peace) का ८ मूख्य स्तम्भका रूपमा पनि मानिन्छन् ।ख

३ नेपालको संबिधान, २०७२ (धारा १५१)

## १.३. समावेशीकरण

समावेशितातर्फको प्रगति उल्लेखनीय उपलब्धिहरूद्वारा चिन्हित गरिएको छ । नीतिगत उपायहरूमार्फत सीमान्तकृत समुदायहरूको अधिकार र पहिचानलाई स्वीकार गरिएको छ । साथै, सीमान्तकृत समूहहरूले अब राजनीतिक, प्रशासनिक र संवैधानिक निकायहरूमा प्रतिनिधित्व बढाएका छन् । यद्यपि, यो प्रगति मुख्यतया मात्रात्मक भएको छ, गुणात्मक सहभागिता र सशक्तीकरणमा अझै पनि महत्वपूर्ण ध्यान आवश्यक छ ।

# २. विद्यमान अवस्था र चुनौती

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगको नेतृत्वमा रहेको नेपालको संक्रमणकालीन न्याय प्रक्रियाले पीडित र प्रभावित समुदायको आवश्यकता पूरा गर्न धेरै चुनौतीहरूको सामना गर्नुपरेको छ। यद्यपि, हालैका घटनाक्रमहरू, मुख्यतया सङ्घीय संसद्ले संशोधित विधेयक पारित गर्नु र आयोगका लागि नयाँ आयुक्तहरू छनोट गर्नु सरकारले चालेको कदमले केही प्रगतिको संकेत गर्छ (ह्युमन राइट वाच, २०२४) । तैपनि, उल्लेखनीय चुनौतीहरू अझै बाँकी नै छन् ।

मुख्यतया न्यायिक समितिहरूमा प्रायः आवश्यक कानुनी र प्रशासनिक विशेषज्ञताको अभाव हुन्छ, जसले गर्दा प्रभावकारी न्याय प्रदान गर्ने उनीहरूको क्षमता सीमित हुन्छ । साथै, अपर्याप्त कोष र बन्दोबस्ती सहयोगले यी समितिहरूका सुचारु कार्यमा बाधा पुऱ्याइरहेको अवस्था छ । राजनीतिक हस्तक्षेपले न्यायिक प्रक्रियाको पनि निष्पक्षता र विश्वसनीयतालाई कमजोर बनाउँछ ।

सरकारी तथा सेवा क्षेत्रमा अपाङ्ग, दलित, आदिवासी, लैङ्गिक अल्पसङ्ख्यकलगायत समूहहरूको अपर्याप्त प्रतिनिधित्वको समस्या यथावत् छ । उदाहरणका लागि दलित समुदायले जनसङ्ख्याको १३% भन्दा बढी हिस्सा ओगट्दछ, तर प्रमुख निर्णयात्मक भूमिकामा उनीहरूको सहभागिता धेरै कम छ । जातीय भेदभाव अझै पनि कायम छ (सिबिएस, २०२१) । २०२३ मा गरिएको एक सर्वेक्षणले देखाएअनुसार मुद्दा समाधानमा ढिलाइ ३३.५५% भन्दा बढी मुद्दाहरू पर्खाइमा छन् र कानुनी सहायता सीमित पहुँचका कारण ग्रामीण क्षेत्रका जनतामा अन्यायको समस्या झन् गहिरिँदै गएको छ (इन्सेक मानव अधिकार वर्ष पुस्तक, २०२३) ।

# ३. नीतिगत सिफारिसहरु:

शान्ति, न्याय र समावेशीकरण जस्ता विषयवस्तुले दिगो विकास र समतामूलक शासनका लागि महत्वपूर्ण आधारको काम गर्ने हुँदा यो नीतिपत्रले यी विषयवस्तुअन्तर्गत हासिल भएको प्रगतिको बारेमा सङ्क्षिप्त रूपमा वर्णन गर्दै र थप सुधार कार्यका लागि निम्नलिखित सिफारिस प्रस्तुत गरेको छ ।

## ३.१. शान्ति

- सङ्क्रमणकालीन न्यायलाई टुंगो लगाउन सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगअन्तर्गत रहेका मुद्दाहरूको समयमै छिनोफानो लगाउन नीतिगत स्पष्टताका साथै राजनीतिक प्रतिबद्धतालाई बलियो बनाउने ।
- स्थानीय जनप्रतिनिधिद्वारा गरिने निर्णयहरू राजनीतिक पूर्वाग्रह तथा हस्तक्षेपरहित बनाई सामाजिक सद्भाव तथा एकता कायम गर्न पहल गर्ने ।
- समाजमा रहेका विद्यमान संरचनात्मक विभेद तथा हिंसालाई अन्त्य गर्न आवश्यक नीति तथा कार्यक्रम निर्माण गरी पीडितको न्यायोचित पुनर्स्थापना गर्ने ।अन्तर-सरकारी निकायबिच अधिकारको दोहोरोपनका कारण देखिएको द्वन्द्वलाई न्यूनीकरण गर्न स्पष्ट कानुनी व्यवस्था गर्ने ।
- अन्तर-सरकारी निकायबिच अधिकारको दोहोरोपनका कारण देखिएको द्वन्द्वलाई न्यूनीकरण गर्न स्पष्ट कानुनी व्यवस्था

गर्ने ।

- नेपालमा रहेका विभिन्न जातजाति, धर्म, भाषा तथा संस्कृतिको विविधताका आधारमा सामाजिक एकता निर्माण गरी सामुदायिक सद्भावलाई बढावा दिन चाहिने सरकारी संयन्त्रको स्थापना गर्ने ।
- समुदायमा आधारित संवाद कार्यक्रम लागू गर्न स्थानीयस्तरमा चरणबद्ध रूपमा आवश्यक संयन्त्रको विकास गर्ने ।
- समाजमा रहेको विद्यमान भेदभावपूर्ण अभ्यासलाई पूर्ण रूपमा समाप्त गर्न शिक्षणद्वारा चेतनाको स्तर बढाउन स्थानीयस्तबाट जागरूप समूहहरू निर्माण गर्न गैरसरकारी संस्थाहरूलाई सहयोग तथा समन्वय गर्ने ।

## ३.२. न्याय

- न्यायालयको निर्णय प्रक्रियालाई पारदर्शी तथा राजनीतिक हस्तक्षेपमुक्त बनाउन न्यायालयमा गरिने नियुक्ति गैरराजनीतिक तथा प्रक्रियागत बनाउन ठोस निर्णय कार्यान्वयन गर्ने ।
- न्यायसम्पादन प्रक्रियालाई छिटो छरितो तथा हरेक नागरिकको पहुँचमा पुऱ्याउन संयन्त्र तथा आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- न्याय प्रणाली सुधारका लागि आवश्यकताअनुसार अदालतको पुनर्संरचनामा सुधार गर्दै लैजाने ।
- न्यायालय तथा न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गरी प्रभावकारी सेवा प्रवाह गर्न मद्दत गर्ने ।
- पीडित केन्द्रित न्याय प्रणाली बनाउन चाहिने पूर्वाधार तथा चुनौतीलाई समाधान गर्न चाहिने वातावरण तथा कानुनी सचेतनाको अवरोध हटाउन आवश्यक नीति बनाउन पहल गर्नुपर्ने ।
- दलित, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको न्यायमाथिको पहुँचलाई सजिलो तथा पहुँचयोग्य बनाउन आवश्यक पर्ने प्रणालीगत अवरोध हटाउन सरकारीस्तरबाट पहल गर्ने ।
- वातावरण तथा जलवायु परिवर्तनबाट पार्ने प्रभावका कारण जोखिममा रहेका समूह तथा समुदायलाई पार्ने प्रभावलाई न्यूनीकरण गर्न चाहिने आवश्यक संयन्त्र तथा नीति तयार गर्ने ।
- अनौपचारिक न्याय प्रणालीलाई कानुन तथा मानव अधिकारको मापदण्डबमोजिम अगाडि बढाउन चाहिने क्षमता तथा प्रभावकारितासम्बन्धी तालिम दिन आवश्यक स्थानीयस्तरमा संयन्त्र निर्माण गर्ने ।
- पीडितको सम्मानपूर्वक व्यवहार, गोपनीयता, सुरक्षा, कानुनी परामर्श, मानसिक स्वास्थ्य तथा क्षतिपूर्ति प्रदान गर्न चाहिने संयन्त्र निर्माण गर्न पहलकदमी गर्ने ।

## ३.३. समावेशीकरण

- संविधानमा व्यवस्था गरेअनुरूप समावेशीकरणलाई दलित, योनिक अल्पसङ्ख्यक, पछाडि पारिएका, अपाङ्गता भएका समुदाय र जातीय तथा धार्मिक अल्पसङ्ख्यकको सार्वजनिक संस्थाहरूमा उपस्थिति सुनिश्चित गर्ने ।
- स्थानीय सरकार तथा अन्य सार्वजनिक संस्थामा समावेशी नीति कार्यान्वयन गर्न आवश्यक पर्ने नीति तथा कार्यक्रम लागू गर्न चाहिने स्रोतको व्यवस्था गर्नुपर्ने ।
- सामाजिक समावेशिताको अभ्यास बढाउन स्थानीयस्तरमा रहेको संयन्त्रले गर्ने निर्णय प्रक्रियामा सीमान्तकृत समुदायको पहुँच बढाउन नीति परिमार्जन गर्ने ।
- आर्थिक स्रोत-साधन तथा अवसरको समान प्रतिनिधित्व बढाउन शिक्षा, व्यावसायिक तालिम तथा आर्थिक क्रियाकलापमा लगानी बढाउन चाहने सार्वजनिक तथा निजी क्षेत्रलाई परिचालन गर्न चाहिने आर्थिक नीति निर्माण गर्ने ।

# सन्दर्भ सामग्री

अनौपचारिक क्षेत्र सेवा केन्द्र (२०२३), नेपाल मानव अधिकार वर्ष पुस्तक, काठमाडौं, नेपाल । https://www.insec.org.np/hr-yearbook/nepal-human-rights-year-book-2023/

राष्ट्रिय तथ्याङ्क विभाग (२०२१) राष्ट्रिय जनसङ्ख्या र आवास जनगणना : जाति र जातीयता, भाषा र धर्मसम्बन्धी राष्ट्रिय प्रतिवेदन । Retrieved from National Statistics Office; Caste/ Ethnicity Report | National Population and Housing Census 2021 Results (cbs.gov.np)

Gyawali, R. (2014, July 26). Nepal"s constitutional problem: A recap. SpotlightNepal. https://www.spotlightnepal.com/2014/07/26/nepals-constitutional-problem-a-recap/

Human Rights Watch (2023, March 24) Nepal: Transitional Justice Bill Needs to Protect Victims, not Abusers. https://www.hrw.org/news/2023/03/23/nepal-transitional-justice-bill-needs-protect-victims-not-abusers

Richmond, O. P. (2024). The Transformation of Peace Second Edition (Vol. Rethinking Peace and Conflict Studies). (O. P. Richmond, A. Björkdahl, & G. Visoka, Eds.) Switzerland: Palgrave Macmillan Cham.

Institut für Auslandsbeziehungen

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

थप जानकारीका लागि : https://socialchange.org.np/

**For more information:**
Centre for Social Change
Gahana Pokhari, Kathmandu
https://socialchange.org.np
contact@social change.org.np
+977-9841370244